# प्रदेश राजपत्र


मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५ )जनकपुरधाम,नेपाल, पुष १ गते,२०७८साल(अतिरिक्ताङ्क ३


भाग २

## सामाजिक विकास मन्त्रालय

## मधेश प्रदेश, जनकपुरधाम

## मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

<u>प्रस्तावना</u>:प्रदेश नं.२ मा महिलाहरुको आर्थिक, सामाजिक र शैक्षिक अवस्था कमजोर रहेको सन्दर्भमा छोरीहरुको चौतर्फि व्यक्तित्व विकास एवम् सशक्तिकरणको लागि उनीहरुको शिक्षामा पहुँच सुनिश्चत गर्दै, लोक

कल्याणकारी राज्यको भावना अनुरुप लैङ्गिक विभेद मुक्त समाजको स्थापना मार्फत समग्र समाजकै रुपान्तरणको परिकल्पनालाई सार्थक तुल्याउन प्रदेश सरकारबाट सञ्चालन भइरहेको**"मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ"** अभियानलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,प्रदेश सरकारले विनियोजन ऐन, २०७८ को दफा ९ बमोजिम **"मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ"** अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ"अभियान कार्यक्रम सञ्चालन कार्यविधि,२०७८" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"अभिभावक"** भन्नाले छोरीको बुवा वा आमा वा दुवैलाई सम्झनुपर्छ ।

(ख) **"अभियान"** भन्नाले "मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ" अन्तर्गतका कार्यक्रमहरुलाई सम्झनु पर्दछ ।

(ग) **"बीमित/मुद्दति बचत खातावाला"** भन्नाले मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान अन्तर्गतको छोरी शिक्षा बीमा/मुद्दति बचत

कार्यक्रम अन्तर्गत एकमुष्ठ योगदान रकम (प्रिमियम) भुक्तानी गरिएको व्यक्ति सम्झनु पर्छ।

(घ) **"विशेष शिशु"** भन्नाले फरक क्षमता वा अपाङ्गता भएको शिशु वीमक, धर्मपुत्री रहेको शिशु वीमकलाई सम्झनुपर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले सामाजिक विकास मन्त्रालय अन्तरगत रहेको शिक्षा विकास निर्देशनालयलाई सम्झनु पर्दछ ।

(च) **"निर्देशक समिति"**भन्नाले परिच्छेद-३ को वुदा नं.१५ मा रहेको निर्देशक समिति सम्झनु पर्दछ ।

(छ) **"प्रदेश"**भन्नाले प्रदेश नं. २ सम्झनु पर्दछ ।

(ज) **"मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

(झ) **"मन्त्री"**भन्नाले सामाजिक विकास मन्त्रालयका मन्त्रीलाई सम्झनु पर्दछ।

(ञ) "योगदान रकम (प्रिमियम)” भन्नाले छोरीशिक्षा बीमा/मुद्दति बचत कार्यक्रममा सहभागी भए वापत बीमितको तर्फबाट प्रदेश सरकारले बैंक/वितीय संस्थालाई भुक्तानी गर्ने रकमलाई सम्झनु पर्छ ।

(ट) “सेवा प्रदायक”भन्नाले बीमा/मुद्दति बचत सुविधा उपलब्ध गराउन निर्देशनालयसँग सम्झौता गर्ने बैंक तथा अन्य वित्तीय संस्थालाई सम्झनु पर्छ ।

(ठ) "संस्था" भन्नाले जिल्ला समन्वय समिति, स्थानीय तह एवं सरकारी निकायमा दर्ता भएका संघ/संस्था सम्झनु पर्दछ।

(ड) "संरक्षक” भन्नाले अभिभावकविहीन छोरीहरु रहेका कानून बमोजिम संचालित अनाथालय वा वैकल्पिक स्याहार दिने संस्थाका प्रमुख/अध्यक्षलाई सम्झनुपर्छ । साथै व्यक्ति संरक्षक भएको हकमा त्यस्ता व्यक्तिलाई सम्झनुपर्छ ।

(ढ) "EMIS" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट संघ, प्रदेश र स्थानीय तहको लागि तयार गरिएकोEducation Management Information System सम्झनु पर्दछ ।

## परिच्छेद – २

## कार्यक्रम सम्वन्धी व्यवस्था

३.<u>छोरी शिक्षा बीमा कार्यक्रममा आवद्ध हुने:</u> (१) यस प्रदेशको बालिकालाई शिक्षा बीमा/मुद्दति बचत कार्यक्रममा आवद्धताका लागि बीमा कम्पनी, बैक वा वित्तीय संस्थाहरुसँग समन्वय र साझेदारी गरी मिति २०७८ माघ १ गते देखि जन्म भएका छोरीहरुकोनिजका अभिभावक वा संरक्षकले आफू बसोवास रहेको स्थानीय तहमा जन्मदर्ता गराई अनुसूची-१ अनुसारको तोकिएका कागजातहरु पेश गर्नु पर्नेछ ।

(२) यस बमोजिमको कार्यका लागि अनुसूची-१ अनुसारको तोकिएका कागजात सहित अभिभावक वा संरक्षकले

निवेदन दिएपछि निर्देशक समितिको निर्णयको आधारमा निर्देशनालयले सिफारिस पत्र दिई सम्बन्धित अभिभावकमार्फत सेवा प्रदायकको कार्यालय वा शाखामा मुद्दती खाता खोल्न पठाइनेछ ।

(३) मिति २०७८ माघ १ गतेदेखि जन्मिएको बालिकालाई छोरी शिक्षा बीमा/ मुद्दति बचत कार्यक्रममा आवद्ध गर्नु निजको अभिभावक वा संरक्षकको कर्तव्य हुनेछ।

(४) प्रचलित कानून बमोजिम स्थापित अनाथालय वा वैकल्पिक स्याहारमा आश्रित रहेका बालिकालाई छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रममा आवद्ध गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(५) यस बमोजिम छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रममा आवद्ध हुने व्यक्तिलाई सेवा प्रदायकले निर्देशनालयले तोके बमोजिम छोरी शिक्षा बीमा/मुद्दतिको निस्सा जारी गर्नेछ ।

(६) छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रममा आवद्ध हुने प्रक्रिया सम्बन्धी व्यवस्था निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ । यस्तो प्रक्रिया निर्धारण गर्नु अगाडि निर्देशनालयले सेवा प्रदायकसँग आवश्यक छलफल गर्न सक्नेछ ।

(७) छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रम प्रदेश भित्रको कुनै पनि गाउँपालिका वा नगरपालिकामा नमूनाको रुपमा सञ्चालन गरी क्रमशः प्रदेशभर विस्तार गर्न सकिनेछ ।

(८) धर्मपुत्रीको हकमा निजका धर्मपिता वा धर्मआमाले धर्मपुत्री लिएको कानून बमोजिमको लिखत निवेदनसाथ पेश गर्नुपर्नेछ।

४. **सिफारिस सम्बन्धी व्यवस्था:**कार्यक्रममा समावेश हुन चाहने छोरीका अभिभावक वा संरक्षकले अनुसूची-१ बमोजिमको कागजात सहितको निवेदन दिए पश्चात खाता खोल्न बैंकलाई सिफारिश गर्ने लगायत अन्य काम निर्देशनालयले गर्नेछ ।

तर आमा वा वुवा नभएको अवस्थामा निजको एकाघरका हजुरवुवा वा हजुरआमा वा नजिकको नातेदारको नागरिकता प्रमाणपत्र सहित निवेदन दिनु पर्नेछ । धर्मपुत्रीको हकमा निजका धर्मपिता वा धर्मआमाले निवेदन दिन सक्नेछ ।

५. **लैंगिक हिंसा विरुद्ध कार्यक्रम:**लिंग पहिचान गरी भ्रुण हत्या गर्ने सामाजिक विकृती लगायत लैगिक हिंसा निरुत्साहित गर्न जनचेतनामूलक कार्यक्रम र सुरक्षित गर्भपतन गराउने स्थानीय तहकास्वास्थ्य संस्थाहरुसँग सहकार्य गरी लिंग पहिचानकैआधारमा भ्रुण हत्या गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. **साइकल वितरण कार्यक्रम:**विद्यालय छोड्ने प्रवृतिलाई निरुत्साहित गर्न तथा माध्यमिक तहसम्मको विद्यालय शिक्षा प्राप्त गर्न प्रोत्साहन गर्नका लागि माध्यमिक तहमा अध्ययनरत छात्राहरु (कक्षा ८ देखि १० सम्म) मध्ये विशेषगरी विपन्न, दलित, मुस्लिम र विद्यालय पहुँचबाट टाढाको बस्ती तथा ग्रामीण क्षेत्रमा बसोबास रहेका छात्राहरुलाई प्राथमिकताको आधारमा प्रदेश भित्रका आठ वटै जिल्लाहरुबाट EMISअनुसार छात्रा सङ्ख्या बढी भएको

जिल्ला/विद्यालयलाई क्रमशः प्राथमिकीकरण गरी देहायको आधारमा साईकल वितरण गरिनेछ ।

(१) विद्यालय छनौटः देहाय बमोजिमको आधारमा विद्यालय छनौट गर्नु पर्नेछ;

**(क)** EMISअनुसार विपन्न, दलित, मुस्लिम छात्रा सङ्ख्या बढी भएको विद्यालय,

**(ख)** ग्रामिण क्षेत्रमा रहेका विद्यालय

(२) यस अभियान अन्तर्गत साइकल प्राप्त गर्न ईच्छुक छात्रा कक्षा ८ देखि कक्षा १० मा अध्ययनरत हुनु पर्नेछ ।

(३) साइकल प्राप्त गर्न योग्य छात्राको सङ्ख्या देहाय बमोजिमको विवरण तयार गरी विद्यालयले माग गर्नुपर्नेछ ।

(क) EMISअनुसार छात्राहरुको नामावली,

(ख) छात्राको उपस्थिती (दैनिक हाजिरी),

(ग) छात्राको जन्मदर्ताको प्रमाणपत्र (विदेशी छात्राको हकमा सम्वन्धित देश वा आफू शिक्षा लिइरहेको स्थानीय निकायले निज विद्यार्थी यस विद्यालयमा अध्ययन गरिरहेको सिफारिस पेश गर्नु पर्नेछ)

(घ) विद्यालयका प्रधानाध्यापकले लेटर प्याडमा माथिको विवरण जनाई निवेदन पेश गर्नुपर्नेछ,

(ङ) प्रधानाध्यापकको परिचयपत्रको प्रतिलिपि (कर्मचारी संकेत नं. खुलेको) निवेदन साथ पेश गर्नु पर्नेछ।

(च) निवेदकले पेश गरेका सम्पूर्ण कागजातमा "सक्कल बमोजिम नक्कल ठीक छ" लेखी निवेदक स्वयमले प्रमाणित गर्नुपर्नेछ । पेश गरेका कागजात किर्ते वा झूठ्ठा ठहरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(४) उपबूँदा (२) बमोजिको कागजात पेस गरे पश्चात प्राथमिकताको आधारमा विपन्न, दलित र मुस्लिम छात्राहरुको सङ्ख्या बढी भएको विद्यालयहरु र एक पटक पनि साइकल प्राप्त नगरेका विद्यालयहरुमा वितरण गरी क्रमशः अरु विद्यालयहरुमा पनि साइकल वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

तर, सरकारी सामुदायिक विद्यालयमा नाम दर्ता गराई नीजि विद्यालयहरुमा अध्ययन गरिरहेको प्रमाणित भएमा साइकल उपलव्ध गराइने छैन । झूठ्ठा विवरण पेश गरेको पाइएमा सम्बन्धितलाई प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

७. <u>ल्यापटप वितरण कार्यक्रमः</u>(१) प्रदेश अन्तर्गतका कक्षा ११ मा अध्ययनरत जेहेन्दार छात्राहरुलाई ल्यापटप वितरण गरिनेछ ।

(२) एस.इ.इ. परीक्षामा ३.२(तीन विन्दु दुई) भन्दा माथि जि.पि.ए. ल्याएका छात्राहरुमध्येबाट उच्च जि.पि.ए. ल्याउने छात्राहरुलाई वितरण गरिनेछ ।

(३)ल्यापटप वितरण सम्बन्धी अन्य व्यवस्था निर्देशक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

तर निम्न अवस्थामा छात्राले ल्यापटप पाउने छैनन्

(क) कुनै छात्राले ११ कक्षामा अध्ययन निरन्तर नगरेमा,

(ख) कुनै छात्राले ११ कक्षामा ७०% भन्दा कम हाजिरी रेकर्ड रहेको अवस्था भएमा,

(ग) कुनै छात्राले सामुदायिक विद्यालयमा नाम दर्ता गरी गराई नीजि विद्यालयमा अध्ययन गरेको पाइएमा,

८. <u>जनचेतनामूलक कार्यक्रमः</u>छोरीहरुको विद्यालय भर्ना एवम पढाइको निरन्तरतालाई सुनिश्चित गर्न, लैङ्गिक विभेद र अध्ययनस्थल तथा कार्यास्थलहरुमा हुने यौनजन्य दुर्व्यवहार आदि लगायतमा बालविवाह, दाइजो तथा अन्य सामाजिक कुरीतिको अन्त्य गर्न देहायको जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

(क) सञ्चार माध्यमको उपयोगःविभिन्न सञ्चार माध्यमहरु टेलिभिजन, रेडियो/एफएम, अनलाईन पत्रिका तथा छापा पत्रपत्रिकाको माध्यमबाट जनचेतनामूलक एवम् प्रेरणामूलक सन्देशहरुको प्रसारण गर्न सकिनेछ ।

(ख) जनचेतनामूलक डकुमेन्ट्री, सडक नाटक,गीत संगीत, छोटो चलचित्र, मेला, भेला आदिका माध्यमबाट सन्देश सम्प्रेषण गर्न सकिनेछ ।

(ग) आठवटै जिल्लाका विद्यालयहरुमा बादबिवाद, निवन्ध, कविता र कथा लेखन प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

(घ)अभिभावकहरुलाई सामूहिक प्रशिक्षण/सचेतना कार्यक्रम सञ्चालन गर्नसकिनेछ ।

९. <u>क्षमता विकास कार्यक्रमः</u>(१) लोकसेवा आयोगको परीक्षामा प्रतिस्पर्धा गर्न ईच्छुक छोरीहरुलाइ परीक्षा तयारी कक्षा सञ्चालन गर्न सकिनेछ ।

(२) सहभागी छात्राहरुको प्रमाण पत्रमा भएको जि.पि.ए. वा प्राप्ताङ्क प्रतिशतको आधारमा उच्चतमबाट क्रमश छनौट गर्नुपर्नेछ ।

(३) छनोट सम्बन्धी अन्य व्यवस्था निर्देशक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

१०.<u>बीमित/बचतकर्ताले पाऊने सेवा/सुविधाः</u> छोरी शिक्षा बीमा/मुद्दति बचत अन्तर्गतसेवाग्राहीलाई देहायको सुविधा प्रदान हुनेछः-

(१) सेवा प्रदायकले बीमित/मुद्दति बचतकर्तालाई बीमा समयावधि समापन भए पश्चात तीन लाख रुपैयाँ भुक्तानी प्रदान गर्नु पर्नेछ ।

(२) सेवा प्रदायकले बीमित/मुद्दति बचत कर्तालाई प्रदान गर्ने कानून बमोजिमका अन्य सुविधाहरु समेत प्रदान गर्नु पर्नेछ।

११. <u>भुक्तानी सम्बन्धी व्यवस्थाः</u> (१) निर्देशनालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको आधारमा सेवा प्रदायक संस्था छनोट गरी संझौता गर्नेछ ।

(२) बीमित/मुद्दति बचत कर्ताबालिकाको अभिभावक वा संरक्षकले बालिकाको जन्मदर्ता, स्थानीय तहको सिफारिश, निर्देशनालयको सिफारिस, बालिकाको अभिभावक वा संरक्षकको नेपाली नागरिकताको प्रमाण पत्र लगायत विशेष शिशु वीमकको हकमा थप अन्य कागजपत्र समेत राखी सेवा प्रदायकको कार्यालय वा शाखामा मुद्दति खाता खोल्न वा बीमा गर्न सक्नेछ ।

(३) उपबूँदा (१) बमोजिम खोलिएका खाताहरुको विवरण सेवा प्रदायकले निर्देशानालयमा पेश गरे पश्चात निर्देशानालयले

सम्बन्धित बीमित बचत कर्ताको खातामा जम्मा हुने गरी एकमुष्ठ रकम सेवा प्रदायकलाई उपलब्ध गराउनेछ ।

(४) निर्देशानालय तथा सेवा प्रदायक बीच निर्धारण हुने ब्याज बीमा सम्झौता शर्तहरु बमोजिमको रकम सेवा प्रदायकले उपबूँदा (२) बमोजिमको खातामा जम्मा गर्नेछ ।

(५) बीमा/मुद्दती खाताको समयावधि बढीमा २० वर्ष हुनेछ । निर्धारित अवधि पश्चात खातावाला छोरीले एस. इ. इ. पूरा गरेको प्रमाण पेश गरेपछि निर्देशानालयको सिफारिस र अन्य आवश्यक कागजात प्राप्त भइसकेपछि मात्र बालिकाको खातामा जम्मा भएको रकम नियमानुसार प्राप्त हुने ब्याज, बोनस सहित सेवा प्रदायकले बीमित/मुद्दति बचतकर्तालाई भुक्तानी गर्नु पर्नेछ।

(६) छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रम अन्तर्गतको रकम बीमित/मुद्दति खातावालाले बीमा अवधि/मुद्दति बचत बीमित खातावालालाई एस. इ. इ. वा सो सरह पूरा नगरेमा र कानुनले तोकेको उमेर भन्दा अघि विवाह गरेको अवस्थामा भुक्तानी दिइने छैन र खातावालाको खातामा जम्मा भएको रकम मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ कोषमा जम्मा गरिनेछ । अन्य अवस्थामा निर्देशक समितिको निर्णय अनुसार गरिनेछ ।

(७)छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रम अन्तर्गत वीमितको बीमा आलेख/मुद्दति बचत आलेख सम्बन्धी सेवा प्रदायकले निर्देशानालयलाई उपलब्ध गराउनेछ ।

(८)निर्देशक समितिले आवश्यकतानुसार छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रमको नाम तथा यसका नियम र शर्तहरु समेत परिवर्तन गर्न सक्नेछ ।

(९) निर्देशानालय तथा सेवा प्रदायक बीचको सम्झौता आर्थिक वर्ष समाप्त भए पश्चात आवश्यकता अनुसार पुनरावलोकन गर्न सकिनेछ ।

(१०)यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि खातावाला छोरीको मृत्यु भएमा वा असाध्य/ कडा रोग लागेको कुरा सरकारी अस्पतालबाट प्रमाणित भै आएमा अथवा गम्भीर प्रकृतिको अपाङ्गता भई एस. इ. इ. वा सो सरह पूरा गर्न नसक्ने अवस्था प्रमाणित गर्ने कागजात पेश हुन आएको हकमा, अभिभावकको मृत्यु भएको अवस्थामा वा संरक्षक (व्यक्ति भएको खण्डमा) त्यस्ता व्यक्तिको मृत्यु भई आर्थिक कठिनाइका कारण खातावालले विद्यालय शिक्षालाई निरन्तरता दिन नसक्ने अवस्था देखिएमा यथार्थ बुझि निर्देशक समितिले निर्णय गरे बमोजिम मुद्दती खाताको समयावधि समाप्त हुनु अगावै पनि त्यस्तो खातावालालाई सेवा प्रदायकले रकम उपलब्ध गराउन सक्नेछ ।

(११)पेश गरेको जन्म दर्ता लगायतका कागजात प्रमाण किर्ते वा झुठ्ठा भएको ठहर भएमा सो पेश गर्ने अभिभावक, संरक्षक जिम्मेवार हुने र निजलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ । झुठ्ठा विवरणका आधारमा खोलिएका खाता निर्देशक समितिको सिफारिसमा रद्द गरी सो खातामा जम्मा भएको रकम मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ कोषमा जम्मा गरिनेछ ।

१२. <u>सम्झौता रद्द गर्न सकिने</u>:(१) निर्देशनालयले बूँदा११ बमोजिम सेवा प्रदायकसँग गरेको सम्झौता देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) सेवा प्रदायक निर्देशनालयले तोकिए बमोजिमको अवधिभित्र सम्झौता नविकरण नगरेमा ।

(ख) सेवा प्रदायकले सम्झौता अनुसार बिमितलाई/मुद्दति बचत खातावालालाई सेवा प्रदान नगरेमा ।

(ग) निर्देशनालयले निर्धारण गरेका मापदण्ड वा सेवाका अन्य शर्त पालना नगरेमा ।

(घ) निर्देशनालयले कारण देखाई वा नदेखाई पनि कुनै पनि समयमा सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपबूँदा (१) बमोजिम सम्झौता रद्द गर्नु अघि निर्देशनालयले सम्बन्धित सेवा प्रदायकलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

१३. <u>अन्य कार्यक्रम</u>:यस अभियानसँग सम्बन्धित अन्य कार्यक्रमहरु र सञ्चालन गर्न आवश्यक भए परिच्छेद-३ को (१५) अनुसार गठित निर्देशक समितिको निर्णयानुसार गर्ने सकिनेछ ।

१४. <u>खरिद सम्बन्धि कार्य</u>:यस कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने परामर्श सेवा, बस्तु तथा अन्य सेवाहरु खरिद गर्दा प्रचलित ऐन तथा नियमावली अनुसार खरिद गर्नु पर्नेछ ।

## परिच्छेद – ३

## कार्यक्रम सञ्चालनसँग सम्वन्धि व्यवस्था

१५. **निर्देशकसमिति:**अभियान कार्यक्रमको सम्पूर्ण कामकारबाहीको सञ्चालन रेखदेख, नियन्त्रण तथा निर्देशन दिन एक निर्देशक समिति रहनेछ ।

(१)निर्देशक समितिको गठन:निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः

(क)मन्त्री-सामाजिक विकास मन्त्रालय -संयोजक

(ख)उपाध्यक्ष-प्रदेश निति तथा योजना आयोग-सदस्य

(ग)सचिव -सामाजिक विकास मन्त्रालय-सदस्य

(घ)प्रतिनिधि (कम्तिमा उपसचिव स्तर), अर्थ मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि (कम्तिमा उपसचिव स्तर) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(च) प्रतिनिधि, (कम्तिमा उपसचिव स्तर) कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय - सदस्य

(छ) निर्देशक- शिक्षा विकास निर्देशनालय-सदस्य-सचिव

(२) निर्देशक समितिको बैठक: निर्देशक समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ र बैठकमा संयोजकले तोकेको

बढीमा तीन जनासम्म सम्बन्धित विषयका विज्ञ वा सरोकारवाला व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

१६. **निर्देशक समितिको काम,कर्तव्य र अधिकार**:निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) अभियान अन्तर्गत सञ्चालन हुने योजना तथा कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) अभियानअन्तर्गत योजना तथा कार्यक्रम सञ्चालनका लागि प्राप्त भएका प्रस्तावहरु आवश्यकता अनुसार स्वीकृत गर्ने,

(ग) अभियान अन्तर्गत सञ्चालित योजना कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन गर्ने/गराउने ।

(घ) अभियान कार्यक्रमको उद्वेश्य प्राप्तिका लागि तोकिए वमोजिमका अन्य काम गर्ने,गराउने ।

(ङ) बूँदा ३(१) बमोजिम प्राप्त कागजातहरुको अध्ययन गरीनिर्देशनालयले पेश गरेकोमा आवश्यक कार्य गर्न सिफारिस गर्ने ।

(च) सेवा प्रदायकबाट प्राप्त कार्य प्रगति विवरणको सम्बन्धमा समीक्षा गर्ने ।

(छ) मुद्दती बचत खाताको तोकिएको समयावधि समाप्त भए पश्चात सम्बन्धित छोरीले माग गरेको रकमका सम्बन्धमा आवश्यक कागजात र प्रमाण अध्ययन गरि भुक्तानीका लागि सिफारिस गर्ने ।

(ज) मुद्दती खाता वाहकले पढाइ पूरा नगरेमा,निजको मृत्यु भएमा, वा निज वेपत्ता भएको प्रमाणित भएमा वा कानुनले तोकेको उमेर अघि विवाह गरेमा त्यस्ता बालिकाहरुले पाउने रकम मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ कोषमा जम्मा गर्ने/गराउने,

(ङ) अन्य काम गर्ने ।

१७.<u>जनशक्ति परिचालन तथा स्रोत व्यवस्थापन:</u>अभियानअन्तर्गत योजना तथा कार्यक्रम सञ्चालन गर्न चाहिने आवश्यक कर्मचारी प्रदेश सरकारले व्यवस्थापन गर्नेछ ।

१८.<u>अनुगमन मूल्याङ्कन:</u>अभियानको उद्देश्य मुताविक कार्यक्रम सञ्चालन भए नभएको र तोकिएको सेवा प्रदायकले लक्ष्य वमोजिमको कार्य गरे नगरेको सन्दर्भमा समय-समयमा मन्त्रालयबाट प्रदेश अनुगमन कार्य विधि,२०७७ अनुसार अनुगमन मूल्याङ्कन गरिने छ ।

१९. <u>लेखा परीक्षण</u>: यस कार्यक्रम अन्तर्गत भएका आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ । महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण हुनेछ ।

२०.<u>संशोधन गर्न सक्ने</u>:प्रदेश सरकारले आवश्यकताअनुसार यस कार्यविधिमा थप घट गरी संसोधन गर्न सक्नेछ ।

२१.<u>बैठक भत्ता:</u> समितिमा पदाधिकारीहरुको समितिको बैठकमा भाग लिए वापत प्रचलित कानून बमोजिम बैठक भत्ता पाउने छन्।

२२.<u>अभियानहरुको समिक्षा गर्ने:</u> सम्बन्धित मन्त्रालय वा निकायले अभियानहरुको प्रगतिको मासिक, चौमासिक, अर्द्धवार्षिक र वार्षिक

समिक्षा गर्नेछ र सोको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

यस अभियान अन्तर्गत बीमा गरिएका बालिकाहरुको नाम नामेसी विवरण मन्त्रालय र निर्देशानालयले अद्यावधिक गरी राख्नु पर्नेछ । यसरी अद्यावधिक गरेको विवरण निर्देशानालयले ४।४ महिनामा आफ्नो वेवसाइट र सूचना पार्टीमा प्रकाशित गर्नुपर्ने छ।

२३.<u>अनुसूचीमा हेरफेर वा थपघट:</u>प्रदेश सरकारले राजपत्रमा प्रकाशन गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

२४. माथि जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेशको आर्थिक अवस्थालाई मध्य नजर गरी श्रोत साधनले भ्याएसम्ममात्र क्रमशः माथि उल्लिखित कार्यक्रमहरु कार्यान्वयन गर्दै लगिनेछ ।

२५. माथि जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्य विधिको बूँदा नं ३ बाहेक अन्यको हकमा समुदायिक वा सरकारी विद्यालयहरुमा अध्ययन गर्ने छात्राहरुको लागि मात्र कार्यान्वयन हुनेछ ।

२६.<u>खारेजी र बचाउ:</u>(१) "मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ"निर्देशिका,२०७७र "छोरी शिक्षा बीमा/मुद्दति कार्यक्रम सञ्चालन निर्देशिका, २०७५"खारेज गरिएको छ।

(२) "मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ"निर्देशिका,२०७७ र "छोरी शिक्षा बीमा/मुद्दति कार्यक्रम सञ्चालन निर्देशिका, २०७५" बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनूसूचीः १

(बूँदा न.३(१) सँग सम्बन्धित)

## अभिभावक वा संरक्षकले पेश गर्नु पर्ने आवश्यक कागजात

मिति २०७८ माघ १ गते पछि जन्मेका छोरीहरूलाई शिक्षा बीमा/मुद्दती बचत खाता कार्यक्रममा संलग्न गराउन चाहने अभिभावक वा संरक्षकले शिक्षा विकास निर्देशनालयले प्रकाशित गरेको सूचनाको म्याद भित्र तपसिल बमोजिमका कागजात सहितको निवेदन सम्बन्धित स्थानीय तहमा दिनुपर्नेछः-

तपसिलः-

१. अनुसूची-२ बमोजिमको ढाँचाको निवेदन पत्र ।

२. अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिबद्धता पत्र ।

३. छोरीकोजन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

४. छोरी शिक्षा बीमा/मुद्दती बचत खाता कार्यक्रममा सहभागी गराइदिने व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

५. अभिभावक मध्ये एक वा दुवैको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

६. अभिभावकको पासपोर्ट साईजको फोटो -६ प्रति

७. कार्यक्रममा सहभागी हुने छोरीको पासपोर्ट साईजको फोटो -६ प्रति

८. छोरीको अस्पतालको जन्म प्रमाण पत्रको प्रतिलिपि, जन्म दर्ता प्रमाण पत्र नभएको खण्डमा छोरीको उमेर प्रमाणित हुने अन्य कागजपत्र जस्तैः-खोप लगाएको कार्ड आदी ।

९. धर्मपुत्रीको हकमा निजका धर्मपिता वा धर्मआमाले धर्मपुत्री लिएको कानून बमोजिमको लिखतको प्रतिलिपि

१०.वैकल्पिक स्याहारमा रहेको व्यक्तिको हकमा संरक्षण गर्ने संस्थाका प्रमुखको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, संस्थाले संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि र संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

११. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि ।

तर आमा वा वुवा नभएको अवस्थामा निज छोरीको एकाघरका हजुरवुवा वा हजुरआमाको नागरिकता प्रमाणपत्र सहित निवेदन दिनु पर्नेछ ।

## अनुसूचि-२

(अनुसूची-१(१) सँग सम्बन्धित)

श्रीमान् निर्देशक ज्यू,
शिक्षा निर्देशानालय,
प्रदेश नं. २, जनकपुरधाम ।
मार्फत
.................पालिका
.........जिल्ला

| निवेदकको फोटो | छोरीको फोटो |
|---|---|

**नामः ........................** **नामः..........................**

<u>विषयः-बचत मुद्दती खाता खोल्नसिफारिस गरी पाऊँ ।</u>

प्रस्तुत विषयमा मुख्यमन्त्री बेटी पढाऊँ, बेटी बचाऊँ अभियान अन्तर्गतको छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रममा सहभागि हुन मिति ------------------मा जन्मेको-------------------को नातिनी ------------------------ (आमा) ----------------------- (बाबु) को ------- महिनाको छोरी------------------------को अनुसूचि-१ बमोजिमका प्रमाणित कागजात

संलग्न राखी छोरीको नाममा बचत मुद्दती खाता खोल्ने शिफारिस गरि दिनु हुन अनुरोध गर्दछु । मैले निवेदनको साथमा पेश गरेका कागजातहरु किर्ते/ झुठ्ठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

**सही<u>छाप</u>** **<u>निवेदक</u>**

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

नाम:

ठेगाना:

हस्ताक्षर:

मिति:

# अनुसूचि-३

## प्रतिबद्धता पत्रको ढाँचा

## (अनुसूची-१(२) सँग सम्बन्धित)

म......................जिल्ला..............................नगरपालिका/ गाउँपालिका वडा नं................................ बस्ने/नावालक श्री...............................................................................को अभिभावक/संरक्षक.........................................ले मुख्यमन्त्री बेटी पढाऊँ, बेटी बचाऊँ अभियान अन्तर्गत छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रममा सहभागि हुन निम्न अनुसारका शर्तहरुको अधिनमा रहि प्रतिबद्धता गर्दछु ।

<u>शर्तहरु</u>

१. म छोरी पढाउने प्रतिवद्धता व्यक्त गर्दछु र कम्तिमा विद्यालय शिक्षा (१२ कक्षा वा सो सरह) पूरा गराउन प्रतिवद्ध छु ।

२. प्रचलित कानूनको अधिनमा रहि छोरीको उमेर २०(वीस) वर्ष पूरा नभएसम्म विवाह गराउने छैन ।

३. मुद्दती बचत कार्यक्रमका शर्त, नियम तथा निर्देशन, प्रतिबद्धता बाहिर अन्य कुनै सेवा सुविधा दाबी गर्ने छैन ।

४. म छोरा छोरी बीच लैंङ्गिक विभेद रहित समान व्यवहार गर्नेछु ।

५. कार्यविधि बमोजिमको अवधि वा अवस्था भएपछि प्राप्त हुने मुद्दती बचत रकम छोरीको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरि निजको उज्वल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

प्रतिवद्धता जाहेर गर्नेको विवरणः

नामः\थर ....................................... ठेगानाः ...............................

बालिकासँगको नाताः..........................ना.प्र.प.नं...................

हस्ताक्षरः .......................

मितिः ................................. सम्पर्क नम्बरः........................

साक्षीहरुको विवरणः

(१) नामः\थर..................................ठेगानाः...............................

हस्ताक्षरः ............................ मितिः ................................ सम्पर्क नम्बरः.......................

(२) नामः\थर..................................ठेगानाः...............................

हस्ताक्षरः ............................ मितिः ................................ सम्पर्कनम्बरः.......................

## अनूसूची -४

**"मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ"**अभियानको लोगो ।

आज्ञाले

इमनारायण श्रेष्ठ

प्रदेश सचिव